मुनाल
नेपाल पन्छी संरक्षण संघ
त्रैमासिक पत्रिका वर्ष २५ पुष/चैत्र २०८१

# बाँतर महिलाहरूको अग्रसरता: उद्यमशीलताको यात्रा

– आभाष प्रधान

पूर्वी नेपालको तराई क्षेत्रमा अवस्थित कोशी टप्पु वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने बाँतर समुदाय, जीविका निर्वाहकालागि यसै आरक्षको सिमसार र अन्य श्रोतहरूमा निर्भर छन्। शरदार समुदाय भनेर पनि चिनिने यो समुदाय शताब्दीऔंदेखि प्रकृतिसँग मेलमिलाप गरी यस क्षेत्रमा बस्दै आएका छन्। यद्यपी, गरीबी, सिमान्तीकरण र वातावरणीय ह्रासजस्ता आधुनिक चुनौतीहरूले उनीहरूको जीवनशैलीलाई खतरामा पारेको छ। यस अवस्थामा हाल डार्विन इनिसिएटिभको सहयोगमा सञ्चालन भैरहेका "सिमसार



*कोशीटप्पु बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सदस्य देवी शरदार पटेरबाट चटाई बुन्दै*







*बाँतर समुदायसँग नेपाल पन्छी संरक्षण संघका परियोजना अधिकृत आभास प्रधान (बाँया) तथा स्थानीय समाजसेवी अशोक कुमार साह (दाँया) छलफल गर्दै*

तथा घाँसेमैदानहरूको दिगो व्यवस्थापन: जौविक विविधता तथा जीविकोपार्जनमा अभिवृद्धि नामक परियोजना अन्तर्गत नेपाल पन्छी संरक्षण संघले गरेको पहलहरूका कारण यस समुदायमा नयाँ हौसला र उर्जा प्राप्त भएको छ। यस परियोजनाले जलकुम्भी र पटेर जस्ता आक्रमक मिचाहा प्रजाति लगायत अन्य सिमसारजन्य वनस्पतिहरूलाई बहुमूल्य स्रोतहरूमा परिणत गरी सिमसार क्षेत्र क्षयीकरण र सामुदायिक जीविकोपार्जनमा सुधार गर्ने दोहोरो चुनौतीलाई अवसरमा परिणत गरेको छ। कोशी टप्पुको जैविक विविधतालाई खतरामा पार्ने यी वनस्पतिहरू अहिले चटाई, टोकरी, कलमदानी, फूलदानी, टोपी र अन्य हस्तकलाका लागि प्रयोग भइरहेका छन्।

बाँतर समुदायका महिलाहरूलाई सशक्तिकरण र दिगो जीविकोपार्जन प्रवर्द्धन गर्ने उद्देश्यका साथ वि.स. २०६८ मा स्थापना भएको २५ सदस्यीय कोशीटप्पु बहुउद्देश्यीय सहकारी लिमिटेडले कोभिड-१९ महामारीपछि निष्क्रियताको अवधिको सामना गर्यो। हाल भने नेपाल पन्छी संरक्षण संघको सहयोगमा यो सहकारी अब पुनरुत्थान भई एकपटक फेरी फस्टाउन थालेको छ। महिलाहरूद्वारा सञ्चालित यस सहकारीले एक प्रदर्शन केन्द्रको प्रबन्ध गर्दछ जहाँ सिमसारजन्य वनस्पति तथा बाह्य मिचाहा प्रजातिहरूबाट हस्तनिर्मित उत्पादनहरू प्रदर्शन र बिक्री

'चरालाई चार' अभियानमा सहकार्य गरौं।
a BCN initiative to save Nepal's endangered birds.
PLEDGE AND DONATE TODAY

आफ्नै घर वरिपरि प्रायः देखिने १०० वटा चराहरू समावेश गरिएको
छिमेकी चरा
मोबाइल एप
प्रयोग गरी चरा चिनौं। एवम् त्यसको गणना गरी छिमेकी चरा अभियानमा सहभागी बनौं।
https://play.google.com/store/apps/details?id=com.chhimeki charaapp&hl=ne&gl=US&pli=1



गरिन्छ। यो पुनरुत्थान पहलले समुदायको लागि आयको भरपर्दो स्रोत प्रदान गर्दछ। पहिले सीमित अवसर पाएका धेरै महिलाहरूले अहिले आर्थिक रूपमा आफ्नो घरपरिवारको नेतृत्व गरिरहेका छन् र आफ्नो समुदायको विकासमा योगदान दिइरहेका छन्।

महिला, आदिवासी र सीमान्तकृत समुदायहरूको सशक्तिकरण यस परियोजनाको मुख्य लक्ष्य रहेको छ। नेपाल पन्छी संरक्षण संघले यी समुदायहरूलाई सीप, नेतृत्व, उद्यमशीलता र आत्मविश्वास विकासका लागि तालिमहरू तथा अध्ययन अवलोकन भ्रमणहरू पनि आयोजना गर्दै आइरहेको छ साथै केही महिला समूहहरूलाई उद्यम सञ्चालनका लागि बिउ पूँजी प्रदान गर्ने योजना पनि रहेको छ। यो परियोजना संरक्षणका प्रयास र मानवीय विकास कसरी साथमा जान सक्छ भन्ने सशक्त उदाहरणको रूपमा खडा भएको छ। परम्परागत सीप, पारिस्थितिक प्रणालीको पुनर्स्थापना, र दिगो जीविकोपार्जनको संगम बनेको बाँतर समुदायका महिलाहरूको यो अग्रसरता तथा उद्यमशीलताको यात्रा सफल एवम् दिगो रहोस्।




*नेपाल पन्छी संरक्षण संघद्वारा बाँतर समुदायको लागि निर्मित प्रदर्शनी केन्द्र*

## गजल

ए !! प्रिय चरा छौ सारै बेचारा तिमी
साझा हाम्रो घरमा छौ बेसहारा तिमी

पर्यावरणमा योग्दान तिम्रो बयान गरूँ कसरी
शिकारी कसैको, कसैको हौ आहारा तिमी

तिम्रो बोली र उपस्थितिले मन आनन्द हुन्छ
वातावरणमा हुने गतिविधिको हौ इशारा तिमी

अलिप्त अनन्त आकाशको उँचाइहरूलाई छुँदै
मान्छेको सपनालाई दिने हौ सहारा तिमी

धरतिको हरियालीमा तिम्रो मिठो सङ्गीत गुञ्जन्छ
प्रकृतिको राग गाउँदा लाग्छौ सारै प्यारा तिमी




**आभास प्रधान**
परियोजना अधिकृत
नेपाल पन्छी संरक्षण संघ
फिल्ड कार्यालय, सुनसरी





# समाचार संक्षेप

## कोशीटप्पु वन्यजन्तु आरक्ष र आसपासका महत्त्वपूर्ण सिमसार क्षेत्रमा जल पन्छी गणना सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, कोशीटप्पु वन्यजन्तु आरक्ष, नेपाली सेना, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पन्छीविद संघ र कोशी पन्छी समाज लगायत अन्य साझेदारी संघ संस्थाको सक्रिय सहभागितामा २०२५ को जनवरी १० देखि १४ सम्म कोशीटप्पु वन्यजन्तु आरक्ष र आसपासका महत्त्वपूर्ण सिमसार क्षेत्रमा जल पन्छी गणना सम्पन्न गरेको छ। उक्त जल पन्छी गणनामा यस क्षेत्रमा ८० प्रजातिका १६,९२८ चराहरू अभिलेख गरिएका थिए जुन २०२४ को तुलनामा भएको गणनाको संख्यामा उल्लेखिनीय बृद्धि हो। गणनामा सबैभन्दा बढी संख्यामा सिलसिले हाँस (२,९४२) बिजुलागैरी (२,६५५), राजहुट्टियाउँ (१,६८८), जलेवा (१,१५९) र चखेवा (१,०६८) जस्ता चराहरू पाइएका छन्।



## रेसुङ्गा र मदाने वन संरक्षण क्षेत्रमा पन्छी सर्वेक्षण

नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमले गुल्मी जिल्लाको मदाने र रेसुङ्गा वन संरक्षण क्षेत्रमा चरा सर्वेक्षण गरेको थियो। दुवै वन संरक्षण क्षेत्रमा पाँच दिनको सर्वेक्षणको अवधिमा क्रमश: कुल ११३ र १२९ चरा प्रजातिहरू मदाने र रेसुङ्गा वन संरक्षण क्षेत्रमा रेकर्ड गरिएको थियो। तीमध्ये २ प्रजातिका चरा मदानेका लागि नयाँ रेकर्ड भएका छन् त्यस्तै रेसुङ्गामा पनि २ प्रजातिका चरा नयाँ छन्। अहिले मदाने र रेसुङ्गा वन संरक्षण क्षेत्रमा पाइने कुल चराको संख्या क्रमश: २८८ र २६५ पुगेको छ। रेसुङ्गा वन संरक्षण क्षेत्र महत्त्वपूर्ण पन्छी तथा जैविक विविधता क्षेत्र हो भने मदाने वन संरक्षण क्षेत्र सम्भावित महत्त्वपूर्ण पन्छी तथा जैविक विविधता क्षेत्र मानिन्छ।

## रेसुङ्गा र मदानेमा मौरीपालनमा सहयोग

नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमले गुल्मी जिल्लाको मदाने र रेसुङ्गा वन संरक्षण क्षेत्रमा मौरी पालन प्रवर्द्धन गर्ने उद्देश्यले ५ दिने मौरीपालन तालिमको आयोजना गरेको हो। २०८१ साल, पौष



महिनामा आयोजना गरिएको मौरीपालन तालिममा मदाने वन संरक्षण क्षेत्र र रेसुङ्गा वन संरक्षण क्षेत्रका २० जना सहभागीहरू तालिममा उपस्थित भएका थिए। परियोजना क्षेत्रमा मौरी पालन प्रवर्द्धधन गर्न नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रम मदाने र रेसुङ्गाका गरीब तथा सीमान्तकृत किसानलाई ८० वटा मौरीको घार सहयोग समेत गरेको छ।

## ड्रोन प्रविधिको तालिम सफलतापूर्वक सम्पन्न

प्राकृतिक श्रोत व्यवस्थापनमा ड्रोन प्रविधिको प्रयोगलाई बढावा दिने उद्देश्यले नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमले आयोजना गरेको तीनदिने ड्रोन ह्यान्डलिङ तालिम सफलतापूर्वक सम्पन्न भएको छ। उक्त तालिम ११ देखि १३ डिसेम्बर २०२४ सम्म गुल्मी तम्घासमा आयोजना गरिएको थियो।







उक्त तालिममा गुल्मीको डिभिजन वन कार्यालयका ८ जना कर्मचारी र नेपाल पन्छी संरक्षण संघका ३ जना कर्मचारी सहभागी भएका थिए। तालिमको मुख्य उद्देश्य सहभागीहरूलाई ड्रोन सञ्चालन, डाटा सङ्कलन र विश्लेक्षण गर्ने क्षमता विकास गराउनु थियो। यसका लागि प्रशिक्षणमा ड्रोन प्रविधिको सिद्धान्त, प्रयोग र फायदाबारे विस्तृत जानकारी दिइएको थियो।

## रुकुम पूर्वमा अध्ययन अवलोकन भ्रमण सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रम अन्तर्गत रेसुङ्गा र मदाने वन संरक्षण क्षेत्रका कृषकहरूका लागि रुकुम पूर्वमा तीनदिने अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ। मंसिर ८ देखि १० गतेसम्म सञ्चालन भएको यस भ्रमणमा रेसुङ्गा र मदाने क्षेत्रका २६ जना कृषकहरूले सहभागिता जनाएका थिए भ्रमणको उद्देश्य मौरीपालन तथा जैविक तरकारी खेतीसम्बन्धी जानकारी आदानप्रदान गर्नुका साथै कृषकहरूलाई जैविक कृषि व्यवसायको सम्भावनाबारे जानकारी गराउनु थियो। भ्रमणपछि सहभागी कृषकहरूले जैविक कृषि अपनाउने प्रेरणा प्राप्त गर्दै मौरी व्यवस्थापन प्रविधि, मह प्रशोधन विधि, मौरीपालनका चुनौती तथा बजार सम्भावनाबारे महत्त्वपूर्ण जानकारी लिएका छन्।




## घोडाघोडी ताल क्षेत्रमा विश्व सिमसार दिवस मनाइयो

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, घोडाघोडी नगरपालिका, डिभिजन वन कार्यालय पहलमापुर, नेपाल पन्छी संरक्षण संघ, वसन्ता संरक्षित वन परिषद, सेक्टर वन कार्यालय पहलमानपुर र पहलमानपुर सामुदायिक वन समन्वय समितिले विश्व सिमसार दिवस २० माघ २०८१ गते (२ फेब्रुअरी २०२०) घोडाघोडी ताल क्षेत्रमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको थियो। त्यसैगरी नेपाल पन्छी संरक्षण संघ र कञ्चनपुर पन्छी संरक्षण समूहको आयोजनामा बेलौरीको पुरैनी तालमा चरा अवलोकन गरी मनाइएको थियो।

कार्यक्रममा प्रमुख अतिथि घोडाघोडी नगरपालिका नगरप्रमुख खडक बहादुर रावत रहनु भएको थियो भने हेम बहादुर बमज्युको सभापतित्वमा सम्पन्न भएको थियो। कार्यक्रममा घोडाघोडी नगरपालिका नगरप्रमुख, डिभिजन वन




कार्यालय पहलमानपुर कैलालीको डिभिजनल वन अधिकृत रामचन्द्र कँडेल, वसन्ता संरक्षित वन परिषद पहलमानपुर लगायतको सहभागिता रहेको थियो। स्थानीय सरोकारवालाहरू प्रकृति संरक्षण समूह, विद्यालय स्तरीय इको क्लब र घोडाघोडी मञ्च, माघी होमस्टे लगायत करिब ३०० भन्दा बढी मानिसको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा विभिन्न निकायबाट सहभागी भएका व्यक्तिहरूले घोडाघोडी ताल क्षेत्रमा पाइने चराको महत्त्व र दिवसको महत्त्व बारे आ–आफ्नो विचार राखेका थिए।

## कञ्चनपुर पन्छी संरक्षण समूह गठन

नेपाल पन्छी संरक्षण संघले कञ्चनपुर पन्छी संरक्षण समूह गठन गरेको छ। तीनदिने प्रकृति तथा चरा पर्यटन तालिम बेलडाँडी, बेलौरी, लालझाडी र पुनर्बास पालिकाहरूमा सञ्चालन गरिएको थियो। तालिममा १४० जना युवाहरू सहभागी भएका थिए। सहभागी युवाहरूको एउटा समूह बनाइएको छ जुन समूहले हरेक शनिबार चरा अवलोकन कार्यक्रमको आयोजना गर्ने गर्दछ। प्रकृति तथा चरा पर्यटन तालिम यूएसआईडी जल जङ्गलको आर्थिक सहयोगमा Recovery of Critically Endangered Bengal Florican Through Habitat Improvment and Community Stewardship परियोजना अन्तरगत सम्पन्न भएको हो।







## घोडाघोडी पन्छी अभय आरण्य क्षेत्रमा हरिहाँस गणना

घोडाघोडी पन्छी अभय आरण्य क्षेत्रमा घोडाघोडी सिमसार क्षेत्रको सूचक प्रजाति हरिहाँसको गणना जाडो याममा गरिएको छ। नेपाल पन्छी संरक्षण संघ र डिभिजन वन कार्यालय, पहलमानपुर, कैलालीले संयुक्त रूपमा गणना गरिएको हो। २७ र २८ पौष २०८१ मा २ दिन लगाएर गणना गरिएको हरिहाँस ३४५ वटा फेला परेका थिए। घोडाघोडी पन्छी आरण्य क्षेत्रमा ३८२ प्रजातिका चरा पुगेका छन। जाडो र गर्मी याम गरी वर्षको दुईपटक हरिहाँसको गणना गरिन्छ।

## विश्व भँगेरा दिवस मनाइयो

नेपाल पन्छी संरक्षण संघले कैलाली र कञ्चनपुरमा २० मार्च २०२५ मा भँगेरा अवलोकन, गणना र विद्यालय शिक्षा कार्यक्रम गरी विश्व भँगेरा दिवस मनाएको छ। कञ्चनपुर पन्छी संरक्षण समूहमा आवद्ध युवाहरूको सहभागितामा भँगेरा गणना र वात्सल्या एकेडेमीसँगको सहकार्यमा वात्सल्या एकेडेमीका विद्यार्थीहरूलाई भँगेराको महत्त्वबारे जानकारी गराइएको थियो। भँगेरा गणना कार्य 'छिमेकी चरा' नामक मोबाइल एप मार्फत गरेका थिए।

भँगेराहरूको पहिलेको अवस्था र हालको अवस्थाबारे जानकारी दिइएको थियो। कार्यक्रममा १५० जना विद्यार्थीहरूको उत्साहजनक सहभागिता थियो। यसैगरी कञ्चनपुर पन्छी संरक्षण समूहका अध्यक्ष सन्देश चौधरीले विद्यार्थीहरूलाई संरक्षण कार्यमा लाग्न हौसला प्रदान गर्नु भएको थियो र वात्सल्या एकेडेमीका प्रधानाध्यापकले विद्यार्थीहरूलाई विद्यालयमा संरक्षण शिक्षा कार्यक्रम चलाएर संरक्षणबारे धेरै कुराहरू सिक्ने अवसर प्रदान गरेकोमा संरक्षण कार्यमा अघि बढ्ने साथै धन्यवाद व्यक्त गरेका थिए।

## तालतलैया तथा सिमसारमा आश्रित चरा संरक्षण सचेतना कार्यक्रम

तालतलैया तथा सिमसार क्षेत्रहरूमा पाइने चराहरूको संरक्षणको लागि नेपाल पन्छी संरक्षण संघ र कञ्चनपुर पन्छी संरक्षण समूहको संयुक्त आयोजनामा बेलौरी नगरपालिका वडा नम्बर २,३,६ र ७ मा ताल तथा सिमसार क्षेत्रहरूमा आश्रित चरा संरक्षण सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। कञ्चनपुर पन्छी संरक्षण समूहका अध्यक्ष सन्देश चौधरीको अध्यक्षता, बेलौरी नगरपालिकाका उपमेयर जोगराम डङ्गौराज्यूको प्रमुख आतिथ्यता र कुण्डा सब डिभिजन वन कार्यालयका प्रमुख दिनेश कुमार यादवज्यूको विशिष्ट आतिथ्यतामा उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको हो। कार्यक्रममा सम्पूर्ण वडाका वडाअध्यक्ष, वडा सदस्य, ईप्रका कार्यालय बेलौरीका प्रमुख, मध्यवर्ती तथा सामुदायिक वनका अध्यक्ष एवम् प्रतिनिधि, सिमसार क्षेत्र नजिकका बडघर भल्मन्सा, सहकारी, स्थानीय बुद्धिजीवी, स्थानीय संरक्षणका सरोकारवाला साथै पत्रकार लगायत युवाहरू सहित २०० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा नेपाल पन्छी संरक्षण संघको तर्फबाट नेपाल तथा बेलौरी नगरपालिकाभित्र पर्ने प्रमुख पुरैनी ताल, बन्धाताल, नकैया सिमसार र खप्टी सिमसार लगायतका क्षेत्रमा पाइने जलपन्छी चराहरू लगायतका अन्य पन्छीहरूबारे जानकारी, महत्त्वलगायत पन्छीहरूको हालको अवस्था र ताल तथा पन्छी संरक्षणमा देखिएको चुनौतीहरूबारे जानकारी र छलफल गरिएको थियो। कार्यक्रममा मन्तव्य राख्दै कार्यक्रमका प्रमुख अतिथि जोगराम डङ्गौराले चरा संरक्षणको लागि नगरपालिकाको तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो।




## नागरिक वैज्ञानिक तालिम

नेपाल पन्छी संरक्षण संघले यूएसआईडी जल जङ्गलको सहकार्य र समन्वयमा नागरिक वैज्ञानिक तालिम सम्पन्न गरेको छ। प्रकृति तथा चरा पर्यटन तालिम बेलडाँडी, बेलौरी, लालझाडी र पुनर्वास पालिकाहरूमा सञ्चालन पश्चात तालिममा १४० जना युवाहरूमध्ये नियमित चरा अवलोकनमा सहभागी युवाहरूको थप क्षमता विकासको लागि तालिम सञ्चालन गरिएको थियो। तालिम कैलालीको धनगढी र बर्दियाको ठाकुरद्वारामा सञ्चालन गरिएको थियो। तालिममा ८० जना युवाहरू सहभागी भएका थिए। तालिममा चरा पहिचान, इबर्ड, मर्लिन, फोटोग्राफि, जैविक विविधता संरक्षण तथा वन्यजन्तु अपराध आदि विषयमा प्रशिक्षण दिइएको थियो।





## गिद्ध संरक्षण व्यवस्थापन योजनाको समिक्षा बैठक कार्यक्रम सम्पन्न

नेपाल पन्छी संरक्षण संघको आयोजना, गिद्धको गुँड तथा वासस्थान रहेका उचा निम्बु सामुदायिक वन उपभोक्ता समूह कप्तानगञ्ज दाङ, राजापानी सामुदायिक वन उपभोक्ता समूह बाणगङ्गा, कपिलवस्तु, खैरेनी सामुदायिक वन उपभोक्ता समूह रामपुर, पाल्पा र तीनवटै जिल्लाका डिभिजन वन कार्यालयहरूको समन्वयमा 'Conservation Leadership Program' को सहयोगमा नेपाल पन्छी संरक्षण संघद्वारा सञ्चालित Community Based Conservation of Critically Endangered Vulture Species in Western Nepal परियोजना अन्तर्गत दाङ, कपिलवस्तु र पाल्पामा क्रमश: २०८१ मंसिर ७, १४ र १७ गतेका दिन गिद्ध संरक्षण ब्यवस्थापन योजनाको मस्यौंदा समिक्षा बैठक सम्पन्न भएको थियो। उक्त कार्यक्रममा सामुदायिक वनका कार्यसमितिका पदाधिकारीहरू, डिभिजन वन कार्यालयहरूका प्रतिनिधिहरू र नेपाल पन्छी संरक्षण संघका कर्मचारीहरूको उपस्थिति रहेको थियो। उक्त छलफल कार्यक्रममा गिद्ध संरक्षण कार्यक्रमको विस्तृत क्रियाकलापहरू, कार्यक्रम कार्यान्वयन, समयावधि, कार्यक्रमको लागत बजेट, कार्यक्रमको श्रोत व्यवस्थापन, कार्यक्रम सञ्चालन विधि तथा प्रकृया र विभिन्न निकायहरूसँग समन्वय तथा सहकार्य कसरी गर्ने भन्ने विषयमा विस्तृत छलफल गरिएको थियो।



*यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू*

Royal Society for the Protection of Birds, UK

BirdLife International

## आजीवन सदस्य

श्री टाशी राप्टे घले ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ एक कुशल वन्यजन्तु फोटोग्राफर हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

श्री निशान बराल ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ कुशल फोटोग्राफर हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

श्री सुन्दर कुमार पाण्डे ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ नेपाल आर्मी हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

श्री भेरी कुमार ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ एक विधालयका छात्रा हुनुहुन्छ भने पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ। वहाँले सानै उमेरमा धेरै प्रजातिका चराहरू पहिचान गर्नुका साथै पन्छी अवलोकन कार्यक्रममा उत्सुकताको साथमा आफ्नो उपस्थिति पनि जनाउँदै आउनु भएको छ।

ई. प्रविना महर्जन ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ इन्जिनियर हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

श्री बर्ण बहादुर थापा ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ अवकास प्राप्त पूर्व राष्ट्रिय निकुञ्ज कर्मचारी हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

श्री रोशिला कोजु ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

श्री कृष्ण थापा ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ पन्छी अवलोकनकर्ता तथा कुशल चित्रकार पनि हुनुहुन्छ।

श्री सरस्वती ढकाल ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

श्री शुशिला महतरा ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ पन्छी तथा जैविक विविधताप्रेमी हुनुका साथै एक महिला नेचर गाइड पनि हुनुहुन्छ। वहाँ बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा रहेर नेचर गाइडको काम गर्नुहुन्छ।

श्री पुष्कर लाल श्रेष्ठ ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ पन्छी तथा जैविक विविधताप्रेमी हुनुहुन्छ। पेशाले वहाँ एक व्यापारी पनि हुनुहुन्छ।

श्री जेनी रिले ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ पन्छी तथा जैविकविविधता प्रेमी हुनुहुन्छ।

- *सम्पादक* जयनाथ भण्डारी, सन्तोष बजगाईं, आरती नेपाली
- *लेआउट* क्यालिग्राफिक डिजाइन स्टुडियो
- *प्रकाशक* नेपाल पन्छी संरक्षण संघ





# BirdLife International

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको बासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको वासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्त्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका संकेतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्त्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्त्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔँदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउने अन्तर्राष्ट्रिय दूतको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

## BirdLife International
## *कार्यक्रम तथा उद्देश्यहरू*

१. विश्वव्यापी रूपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
२. विश्वव्यापी रूपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउने तथा त्यसबारे प्रकाश पार्ने।
३. वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रूपमा कार्यक्रम गर्ने।
४. पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षण सम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरू मध्ये पन्छीहरूका महत्त्वपूर्ण क्षेत्रहरू (Important Bird & Biodiversity Areas, IBAs) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्त्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

# नेपाल पन्छी संरक्षण संघ
## *Bird Conservation Nepal*

नेपाल पन्छी संरक्षण संघ चरा र चराको वासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिबृद्धि गर्ने प्रमुख खतरा पत्ता लगाउने, तिनीहरूको वासस्थान संरक्षण गर्ने र विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धान्त रहेको छ।

यस संस्थाले चरा तथा जैविक विविधता संरक्षण गर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा महत्त्व राख्ने नेपालमा ४२ वटा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रहरू पहिचान गरी कार्यक्रम गर्दै आइरहेको छ।

नेपाल पन्छी संरक्षण संघ यसका कार्यकारी बोर्ड, संरक्षकहरू, आजीवन तथा साधारण सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेको संस्था हो।

नेपाल पन्छी संरक्षण संघ बर्डलाइफ इन्टरनेशनलको नेपालस्थित सदस्य संस्था हो। हामी चरा तथा जैविक विविधताको संरक्षणका लागि सबैजनाको सहयोगको अपेक्षा गर्दछौँ।



*Brown Accentor by Jyotendra Jyu Thakuri*

**नेपाल पन्छी संरक्षण संघ**
पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल
फोन ०१-४५१७८०५, ०१-४५२०२१३
इमेल bcn@birdlifenepal.org
वेबसाइट www.birdlifenepal.org

*© २०८१ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।*